# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७९।०८०
च. नं.: २०

मिति :२०७९/०४/०३

विषय: **सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभाग्राही सूचीकरण सम्बन्धमा ।**

श्री वडाकार्यालय सबै,
सुनिलस्मृति गाउँपालिका रोल्पा ।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकारण विभागको पत्रानुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभाग्राही सूचीकरण सम्बन्धमा मिति २०७९/०४/०१ प.स. ०७९/०८० र च.नं. ९ को प्राप्तपत्र अनुसार सम्पूर्ण वडाहरुमा विभागको पत्रानुसार सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभाग्राही सूचीकरण सम्बन्धमा कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ, सथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा पहिलो त्रैमासिकमा भत्ता प्राप्त गर्न चालु आ.व. को पहिलो त्रैमासिकमा फवार्ड फिड ( लाभग्राही सूची ) तयार गरि सम्बन्धीत बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्नेछ । सामाजिक सुरक्षा भत्ता प्रणालीमा नवीकरण गर्दा व्यक्तिगन निवेदन नलिई सवै लाभग्राहीको नवीकरण गरेकाले बैंकमा खाता खोल्दा दोहोरो पर्ने, व्यक्तिगत विवरणमा फरक पर्ने र व्यक्ति उपस्थित नभएर व्यक्तिगत खातामा पैसा जम्मा भइरहने जस्ता कार्यहरु भइ रहेकोले आ.व.०७९/०८० को लागि नवीकरण गर्दा व्यक्तिगत निवेदन लिएर दर्ता गरि सामाजिक सुरक्षा प्रणालीमा व्यक्तिगत विवरण रुजु गरि नवीकरण गर्नुहुन अनुरोध छ ।

नेपाल सरकारको आ.व. ०७९/०८० को बजेट वक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुने गरी त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सुचीकरण प्रक्रिया अगाडि हुन अनुरोध छ । साथै नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नवीकरण तथा नयाँ लाभग्राही सुचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगाएतको विवरणमा कुनै अस्पष्टता भएमा जिल्ला प्रशासन कार्यालयबाट अभिलेख झिकाइ यथार्थ विवरण यकिन गरि गर्नु गराउनु हुन अनुरोध छ, यसै पत्र साथ विभागको पत्र संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

२०७९/०४/०३
(रनवीर बुढा)
अधिकृत छैठौं (प्रशासन)
अधिकृत छैठौं (प्रशासन)

फोन:०८६-४०११५२, ४०११७० इमेल:ssrm@sunilsmritimun.gov.np वेबसाइट: sunilsmritimun.gov.np